# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं. २०७७/०७८ मितिः २०७७।०८।०४

च.नं. १६४०

**बिषयः सूचना प्रकाशन गरिएको वारे ।**

भरतपुर महानगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत पशु विकास सेवा कार्यक्रम अनुसार भरतपुर महानगरपालिका भित्र तपसिलका कार्यक्रमहरू कार्यान्वयनका लागि कार्यविधिमा तोकिएको मापदण्ड पुरा गरेका कृषक/ व्यवसायी/फार्म/उद्यमी/संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा शाखामा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको मापदण्ड पुरा नभएका र म्यादभित्र पेश नभएका प्रस्तावनाहरूलाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन । कार्यविधि भरतपुर महानगरपालिकाको वेवसाइट **www.bharatpurmun.gov.np** बाट डाउनलोड गर्न सकिने छ । विस्तृत जानकारीको लागि कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा वा फोन नं. ०५६-५२५०९७ वा नजिकको पशु सेवा केन्द्रहरूमा सम्पर्क गर्न सकिने छ ।

**<u>तपसिल</u>**

१. **प्रति लिटर दुधमा रू. १।– अनुदानः** लक्ष्य १ करोड ७० लाख लिटर, बजेटः रू. १ करोड ७० लाख ।
**प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः** संस्था/फार्म दर्ता गरेको प्रमाण पत्र, अघिल्लो आर्थिक वर्षमा दैनिक कम्तिमा १०० लिटर र कम्तिमा ३०० दिन दुध संकलन/कारोवार गरेको प्रमाणित अभिलेख (निजी फार्मलाई लागु नहुने), संस्थाको हकमा प्रति सदस्य कम्तिमा १ पशु र निजी फार्मको हकमा कम्तिमा १० पशु विमा गरेको प्रमाण, अघिल्लो वर्ष यस प्रकारको अनुदान प्राप्त गरेको भए चालु वर्षमा अघिल्लो वर्षको भन्दा दुधको उत्पादन/संकलन/कारोवार कम नभएको प्रमाणित अभिलेख, आधिकारिक च्यानल (Formal Channel) मा दैनिक दुग्ध कारोवार गरेको प्रमाणित अभिलेख, संस्थाहरूको हकमा वार्षिक साधारण सभा गरेको प्रमाण, पान दर्ता र कर चुक्ता गरेको प्रमाण, लेखा परिक्षण प्रतिवेदन, कालो सूचीमा नपरेको स्वघोषणा, सम्बन्धित वडा कार्यालय, महानगरको सहकारी शाखा र सम्बन्धित पशु सेवा केन्द्रको सिफारिस (निजी फार्मको हकमा सहकारी शाखाको सिफारिस आवश्यक नपर्ने), कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र र शाखाबाट उपलब्ध गराइने फार्म भरी पेश गर्नुपर्नेछ ।

२. **इलेक्ट्रिक च्याफकटर वितरणः** लक्ष्य ५०, बजेट रू. १२ लाख ५० हजार, अनुदान प्रतिशतः ५०%
**प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः** महानगरपालिकाको वडा कार्यालयमा फार्म दर्ता गरेको प्रमाण पत्र, पान दर्ता र करचुक्ता गरेको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र, कम्तिमा ५ माउ (गाइभैंसी) पालन गरेको प्रमाण, पशु विमा गरेको प्रमाण, सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस, कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्य गर्ने प्रतिवद्धता पत्र र शाखाबाट उपलब्ध गराइने फार्म भरी पेश गर्नुपर्नेछ ।

३. **ह्विल ब्यारो वितरणः** लक्ष्य १०, बजेट रू. ६० हजार, अनुदान प्रतिशतः १००%
**प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः** इलेक्ट्रिक च्याफकटर वितरण कार्यक्रममा जस्तै ।

४. **लागत साझेदारीमा काउम्याट वितरणः** लक्ष्य २००, बजेट रू. ८ लाख, अनुदान प्रतिशतः ५०%
**प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः** इलेक्ट्रिक च्याफकटर वितरण कार्यक्रममा जस्तै ।

५. **५० भन्दा बढी बाख्रापालन गर्ने व्यवसायिक फार्म/समुहलाई १० गोटा बाख्रा खरिदमा अनुदान दिनेः** लक्ष्य ३० फार्म, बजेट रू. ४५ लाख, अनुदान प्रतिशत ५०% ।
**प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः** कम्तिमा ५० बाख्रा पालेको प्रमाण र बाँकी इलेक्ट्रिक च्याफकटर वितरण कार्यक्रममा जस्तै ।

प्रमुख प्रशासकीय अधिकृत

६ **नयाँ फार्म स्थापनाका लागि यूवा लक्षित ग्रामिण कुखुरा विकास कार्यक्रमः** लक्ष्य ३, बजेट रू. ६ लाख, अनुदान प्रतिशत ५०% ।

**प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः** निजी जग्गा वा भाडामा लिने भए जग्गाधनीसँग भएको संझौता भाडाकर सहित लालपूर्जाको प्रतिलिपी, फार्म स्थापना र सञ्चालनका लागि न्यूनतम् ५ कट्ठा जमिन भएको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र, सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको जैविक सूरक्षा व्यवस्थापन सहितको खोर र संरचना निर्माण कार्यको प्रमाणित लागत अनुमान, सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस, कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र र शाखाबाट उपलब्ध गराइने फार्म भरी पेश गर्नुपर्नेछ । प्रस्तावकको उमेर १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनुपर्नेछ । कार्यक्रममा छनौट भएमा संझौता गर्नुपूर्व महानगरपालिकाको सम्बन्धित वडा कार्यालयमा फार्म दर्ता गरी प्रमाणपत्रको प्रतिलिपी र आन्तरिक राजश्व कार्यालयमा पान दर्ता गरी प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

७ **यूवा लक्षित बाख्रा कार्यक्रमः** लक्ष्य ५, बजेट रू. १० लाख, अनुदान प्रतिशतः ५०%

**प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः** महानगरपालिकाको वडा कार्यालयमा फार्म/व्यवसाय दर्ता गरेको प्रमाण पत्र, पान दर्ता र करचुक्ता प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, बाख्रा विमा गरेको प्रमाण, सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको जैविक सूरक्षा व्यवस्थापन सहितको खोर र संरचना निर्माण कार्यको प्रमाणित लागत अनुमान, सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस, कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र र शाखाबाट उपलब्ध गराइने फार्म भरी पेश गर्नुपर्नेछ । प्रस्तावकको उमेर १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनुपर्नेछ । प्रस्तावकले न्यूनतम् १० माउ बाख्रा पालेको हुनुपर्नेछ ।

८. **गाइभैंसी फार्ममा जैविक सूरक्षा व्यवस्थापनमा सहयोग कार्यक्रमः** लक्ष्य ३० फार्म, बजेट रू. ३० लाख, अनुदान प्रतिशतः ५०% ।

**प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः** महानगरपालिकाको वडा कार्यालयमा फार्म दर्ता भएको प्रमाण पत्र, पान दर्ता र करचुक्ता गरेको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र, पशु विमा गरेको प्रमाण, सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको जैविक सूरक्षा व्यवस्थापन सहितको संरचना निर्माण कार्यको प्रमाणित लागत अनुमान, सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस, कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र र शाखाबाट उपलब्ध गराइने फार्म भरी पेश गर्नुपर्नेछ ।

९. **लागत साझेदारीमा एक वडा एक पशुफार्म आधुनिकीकरण कार्यक्रमः** लक्ष्य १०, बजेट रू. ५० लाख, अनुदान प्रतिशतः ५०% । यो कार्यक्रम वडा नं. ७, १३, १४, १५, १७, २३, २४, २५, २६ र २९ हरूमा लागु हुनेछ ।

**प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः** निजी जग्गा वा भाडामा लिएको भए जग्गाधनीसँग भएको संझौता भाडाकर सहित लालपूर्जाको प्रतिलिपी, फार्म स्थापना र सञ्चालनका लागि गाइभैंसी फार्मको हकमा न्यूनतम् १ विगाह र बाख्राको हकमा न्यूनतम ५ कट्ठा जमिन भएको प्रमाण, महानगरपालिकाको सम्बन्धित वडा कार्यालयमा फार्म दर्ता गरेको प्रमाणपत्र, पान दर्ता र करचुक्ता गरेको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र, सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको गोठ निर्माण, जैविक सूरक्षाका लागि तारबार र गेट निर्माण कार्यको प्रमाणित लागत अनुमान, सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस, पशु विमा गरेको प्रमाण, कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र र शाखाबाट उपलब्ध गराइने फार्म भरी पेश गर्नुपर्नेछ ।

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

१०. **मत्स्य व्यवसाय प्रवर्द्धनमा सहयोग (पोखरी मर्मत)** लक्ष्य २७ फार्म, बजेट रू. २७ लाख, अनुदान प्रतिशत ५०% ।
**प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः** महानगरपालिकाको वडा कार्यालयमा फार्म दर्ता गरेको प्रमाण पत्र (समुहको हकमा महानगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखामा समुह दर्ता भएको प्रमाण पत्र), पान दर्ता र करचुक्ता गरेको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र, पोखरी मर्मत-संभार कार्यको सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको प्रमाणित लागत अनुमान, सम्बन्धित वडा कार्यालय, पशु सेवा केन्द्र र महानगरस्तरीय मत्स्य व्यवसायी संघको सिफारिस, कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र र शाखाबाट उपलब्ध गराइने फार्म भरी पेश गर्नुपर्नेछ ।

११. **माछा-मासु पसल सुधारमा सहयोग कार्यक्रम (प्रत्येक वडामा एक पसल सुधार गर्ने)** लक्ष्य २९ फार्म, बजेट रू. १४ लाख पचास हजार, अनुदान प्रतिशत ५०% ।
**प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः** महानगरपालिकाको वडा कार्यालयमा पसल/व्यवसाय दर्ता गरेको प्रमाण पत्र, पान दर्ता र करचुक्ता गरेको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र, दैनिक औषत कम्तिमा २० के.जि. मासु बेचबिखन गर्ने गरेको वडा कार्यालयबाट प्रमाणित कागजात, संरचना निर्माण/मर्मत/संभार गर्नुपर्ने भए सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको प्रमाणित लागत अनुमान, सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस, कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र र शाखाबाट उपलब्ध गराइने फार्म भरी पेश गर्नुपर्नेछ ।

१२. **घाँसको विउको सिड बैंक स्थापना र सञ्चालनः** लक्ष्य १ फार्म, बजेट रू. १० लाख, अनुदान प्रतिशत ५०% ।
**प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः** महानगरपालिकाको सम्बन्धित निकायमा समुह/संस्था दर्ता गरेको प्रमाण पत्र, पान दर्ता र करचुक्ता गरेको प्रमाण, अध्यक्ष/सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्र, संरचना निर्माण/मर्मत/संभार गर्नुपर्ने भए सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको प्रमाणित लागत अनुमान, सिड वैंक सञ्चालन गर्ने मोडेल सहितको विस्तृत प्राविधिक र आर्थिक प्रस्तावना, सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस, कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र र शाखाबाट उपलब्ध गराइने फार्म भरी पेश गर्नुपर्नेछ ।

***नोटः*** *प्रस्तावनासाथ पेश गर्नुपर्ने आवेदन फारम भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाबाट तोकिएको शुल्क (एक लाख सम्मको अनुदानमा रू. १००।-, एक देखि पाँच लाखसम्मको अनुदानमा रू. ३००।- र पाँच लाखभन्दा माथिको अनुदानमा रू ५००।-) तिरी प्राप्त गर्न सकिने छ ।*

..................
प्रेमराज जोशी

प्रमुख प्रशासकीय अधिकृत